# डीभी भर्नेहरुलाई सुझाव

लेखक प्रकाश पौडयाल

नयां डीभीको मौसम सुरु भएको छ भने गत बर्षका डीभीवालाहरुको यात्रा गर्ने क्रम सुरु भएको छ। हरेक नेपाली युवा युवतीहरु अमेरीका आउने आशामा डीभी भर्न ब्यस्त देखीन्छन्। सुचनाको अभावले कतीपय नेपालीहरु यहां आएर पछुताउने गर्दछन् भने कतीपय सन्तुस्ट हुने गर्दछन्। डीभी भर्नुअगाडीनै आवश्यक जानकारी हुनु राम्रो हुन्छ। अत, यस बारेमा केहि अनुभबहरु अगाडी सार्नु उपयुक्त होला भनी यो लेख्दैछु।

डीभी भीसा के हो?

संयुक्त राज्य अमेरीका विदेशीहरुले बनेको देश हो। सयौं वर्ष पुराना आदिवासी ईन्डीयनहरु बाहेक सबै अमेरीकनहरु विश्वका बिभिन्न देश वाट यहां आई वसोवास गरेका हुन्। यसै क्रममा छिमेकी राष्ट्र मेक्सीको वाट पनी हजारौं मानीश अमेरीका छिर्न थाले र आफनो समुदाय बडाउंदै गए। यसरी एकातीर मेक्सीकनहरुको ठुलो संख्या र अर्कोतर्फ अफ्रीकन, चाईनीज, फिलिपिनो र भारतीय आप्रवाशीहरुको जनसंख्या दिन प्रति दिन बड्दै गएर कुनैदिन साम्प्रदायीक समस्या आउला भन्ने उधेश्यले सनं १९६५ मा अमेरीकी कंग्रेसले एक बिधेयक पारीत गरी डिभि चिठ्ठाको सुरुआत गर्यो। प्रत्येक वर्ष ५५,००० ब्यतिलाई प्रदान गरीने यो भीसा प्रणालीको एउटै उधेश्य हो आप्रवासीहरुको जनसंख्यामा समानता कायम गर्नु र संभावीत साम्प्रदायीक समस्या हुन नदिनु। यो बिधेयक सनं १९६५ देखी आजसम्म आइपुग्दा केही परिवर्तन भएको छ। नेपाल पनी समावेश भएकोले धेरै नेपाली युवा युवतीहरुले यस्मा चासो राख्ने गर्दछन्। यसर्थ, यसवारेमा पूर्ण जानकारी लिनु उनीहरुको आवश्यक्ता भएको छ। यस्लाई कानुनी सब्दमा ग्रीन कार्ड लोटरी भनीन्छ। ईमीग्रेन्ट एक्ट १९९० अन्तरर्गत यस्ता आगन्तुकहरुलाई डाइर्भसीटी ईमीग्रेन्ट भनीन्छ।

यस भीसा बारेमा भ्रम र तथ्य

अबिवाहितहरुको तूलनामा बिवाहितहरुको चिठ्ठा पर्ने संभावना दोहोरो हुने गरेता पनी प्रत्यक चिठ्ठा कंप्यूटरबाट छानीने भएकोले जुन ठाउं, समय र तरीकाले भरे पनी संभावना भने वरावरनै हुने गर्दछ। त्यस्तै यो भीसा प्रणालीको उध्येश्य अमेरीकी उध्योगलाई आवश्यक तल्लो स्तरको मजदुरको आवश्यक्ता पुरा गर्नु नभई बिभिन्न समुहहरुको जनसंख्यामा समानता कायम

गर्नु हो । त्यसैले यस भीसाको लागी चिठ्ाको ब्यबरुथा गरीएको हो । यो भीसा प्राप्त गर्ने ब्यक्ती वा परिवार अमेरीकाको कुनै पनि ठांउमा बसोवास गर्न, काम गर्न वा ब्यबसाय गर्न पाउंछन् । यो भीसा बाट अमेरीका आउने ब्यक्ती र अमेरीकीन नागरीक बिचमा एउटै भिन्नता छ त्यो हो उनीहरुले पाउने मत अधिकार । अमेरीकीन नागरीकले चुनावमा मत खसाल्न पाउंछन् भने डीभीवालाहरुले चुनावमा सहभागी हुनको लागी पांच बर्ष कुर्नु पर्दछ ।

डकुमेन्ट र अन्तरबार्ताको प्रस्तुती

यस भिसाको लागी अध्ययन भिसा झैं धेरै थरीको कागजपत्रको आवश्यक्ता नपरेतापनि स्कुल पास गरेको प्रमाण र आफूलाई आधीकारीकरुपमा परीचय गराउने कागजपत्र अत्याबश्यक हुन्छ । हरेक कागजपत्र राम्रो संग ब्यबस्थीत बनाएमा यस्ले कागजपत्रको बिस्वशनीयता कायम गर्न मद्त गर्दछ । अमेरीकी समाजमा धेरैकाम बोलीको भरमा हुने गर्दछ । धारा, बिजुली, टेलीफोन, केवल, ईन्टरनेट जडान गर्ने देखी लिएर बैकं खाता खोल्ने र बैकंबाट ऋण लिने समेत टेलीफोनमा कुराकानी गरेकै भरमा सम्पन्न गर्न सकिन्छ । जस्ले गर्दा एकपटक कुनै कुरामा झुटो बोलीएको प्रमाण भेटीएमा त्यस्तो ब्यक्तीलाई फेरी विस्वास गरीदैन । अतः डकुमेन्ट र अन्तरबार्ताको क्रममा जानीजानी गलत तथ्य पेश गरेमा, झूटो बोलेमा त्यस्ले ज्यादै नराम्रो असर पर्दछ । एउटा निजी संस्थाले केही बर्ष अगाडी गरेको अध्ययनमा अन्तरवार्तामा समाबेस भईसकेर पनी भिसा प्राप्त नगर्नुको बिभीन्न कारण मध्ये एउटा कारण झुटा बिवरण पेश भएको देखीएको छ । महत्वपूर्ण कुरा के हो भने, यूएस प्राईभेसी एक्ट १९७४ र १९८८ अनुसार आवेदक ले बोलेका र पेश गरेका कुनै पनी बिषयको बारेमा अन्य ब्यक्ती वा सर्बसाधारणलाई जानकारी दिनु हुदैन । यसरी जानकारी बाहीर ल्याउने कर्मचारीलाई आठ बर्ष सम्म जेल संजाय हुन सक्दछ । सबै प्रकृया पुगेर पनी भीसा नपाउनेहरुमध्ये केही यस बर्ग भित्रपनी पर्दछन् । यसकारण राजदुतावासले आफ्नो पोल खोल्दैन भन्दै डीभी पिडीतको नाममा जुलुस र धर्ना दिने काम गर्नु भन्दा आफूले पेश गर्ने डकुमेन्ट र अन्तरबार्ताको क्रममा भनीने सम्पूण बिवरण राम्रो संगरुजु गर्नु र आफ्नो बास्तविक्ता प्रमाण सहित प्रस्तुत गर्नु राम्रो हुन्छ ।

कुन ठाउंमा जाने ?

यस भीसाबाट अमेरीका आउने ब्यक्ती कुनै पनी राज्यको कुनैपनी ठांउमा बस्न,

ब्यबसाय गर्न र अध्ययन गर्न सक्दछ । आफ्नो उध्येश्यको आधारमा उपयुक्त ठाउं रोज्नु पर्दछ । केहि महिनाको लागी पैसा लिएर एक्लै अमेरीका आउने ब्यक्तीको लागी न्युयोर्क, डीसी, क्यालीफोर्नीया, भर्जेनिया र पुर्वी सहरहरु उपयुक्त हुन्छ । यस्ता ठाउंमा आउने बित्तीकै काम पाउने भएता पनि बस्ने र खाने खर्चको कारण केटाकेटी हुने परीवारलाई कठीन पर्दछ । यहां कमाईको तुलनामा खर्च पनि वडी हुने भएकोले बचत कम हुने गर्दछ । परीवार संग आउनेहरुका लागी भने टेक्सास, कोलाराडो र मेरील्यान्ड सबैभन्दा उपयुक्त हुने गर्दछ । कतीपय डीभीवालाहरु आफन्तहरु भएका कारण लुजीयाना, वायोमीगं, नेब्रास्का, एरीजोना जस्ता आर्थीक, ब्यवसायीक र पठनपाठनकोरुपले कठीन क्षेत्रहरुमा आउने गर्दछन् । यस्ता ठांउमा काम पाउन, बचत गर्न र स्तरीय स्कुल पाउन कठीन पर्दछ । आयकार नभएकोले टेक्सास सबैभन्दा सुलभ ठाउं बन्दैछ । यहां नेपालीको संख्या दशौ हजार नांघी सकेको छ । अत्यन्त सस्तो बजार मुल्य र घरभाडा ले यो ठाउं सबैकालागी आकर्शक बन्दै गएको छ । न्यु योर्क तीर एक बेडरुम को लागी प्रती महीना १८०० सम्म तीर्नु पर्छ भने टेक्सासमा पांच सयमा राम्रो कोठा पाउन सकिन्छ । अर्को, टेक्सासलाई मृत्यदंडकोलागी विश्वको राजधानी मानीन्छ । हाल सम्म चार सय भन्दा बडीलाई मृत्यदंड दिई सकेको टेक्सासलाई सबैभन्दा कडा कानुन भएको राज्यकोरुपमा लिइन्छ । दुई तीन लाखमा धर जग्गा किन्न सकीने ठाउं टेक्सास बाहेक अन्त पाउन गाह्रो पर्दछ । यसकारणले घरपरीवार बनाउंछु र बचत गर्छु भन्ने हरुकालागी र सामाजीक सुरक्षा खोज्नेहरुकालागी पनि टेक्सास सबैभन्दा उपयक्त ठाउं हुनसक्छ ।

कहां र कस्तो काम गर्ने ?

नेपालमा पढेलेखेकाहरुको लागी पनि भाषाको कारण यहीं पढ्ने बिधार्थीको तुलनामा राम्रो र स्तरीय काम पाउन कठीन पर्दछ । तर यहां जस्तो काम गरे पनी राम्रो मानीने भएकोले आफुलाई मनपर्ने वा आफ्नो आवश्यक्ता र दक्षता अनुसार काम गर्दा कुनै फरक पर्दैन । भनीन्छ, अमेरीकामा यस्तो कुनै प्राध्यापक छैन जस्ले युवा अबस्थामा म्याकडोनल्ड रेस्टूरामा भाडा नमाझेको होस् । दुखलाग्दो कुरा केहो भने डीभी भीसा बाट अमेरीका आउनेहरुमा अध्ययन गर्ने उध्येश्य ज्यादै कम हुने गर्दछ । कलेज वा युनिर्भसीटी जानेहरुका लागी म्याकडोनल्ड जस्ता फास्टफुड रेस्टूंराहरु सबै भन्दा उपयुक्त हुन्छ । यस्ता रेस्टूंराहरुले स्कुल जानेहरुकालागी बिशेष

समय मिलाईदिने गर्दछ । युवाहरुको लागी ग्यांस स्टेसन (पेट्रोल पम्प) मा धेरै पैसा कमाउन सकिन्छ । अमेरीकाको प्राय सबै चारडोबाटेमा ग्यांस स्टेसन (पेट्रोल पम्प) हुने भएकोले प्राय सबै पेट्रोल पम्पले घटामा तेल बच्ने गर्दछन् । यस्लाई नाफमा लैजान तेलको अतीरीक्त अन्य उपभोग्य बस्तु राख्ने गर्दछन् जस्बाट अत्याधीक नाफा हुने गर्दछ । अधिकांस नेपाली युवाहरु यसैमा भर पर्ने गर्दछन् । तर दिर्धकालीनरुपमा भने यो राम्रो उपाय होईन । किनभने यस्तो ठाउंमा आयकर को झमेलाबाट मुक्त हुन नगदकोरुपमा तलब दिई पेन्सन कट्टा गरीदैन जस्ले गर्दा बुडेसकालमा पेन्सन देख्न पाईदैन । रेस्टूराहरुमा भांडै माझ्ने पनी चेककोरुपमा तलब प्राप्त हुने भएकोले यस्तोमा काम गर्दा ६० बर्ष पछी पेन्सन आउने भएकोले बुडेसकालमा आराम हुने गर्दछ । त्यसैगरी एक्लो ब्यक्तीले पुरै पसल चलाउनु पर्ने भएकोले अमेरीकाको २५ प्रतिशत हत्या ग्यांस स्टेसनमै हुने गर्दछ । दुखलाग्दो कुरा के छ भने, डीभी भीसा बाट अमेरीका आउनेहरुमध्ये करीब ९९ प्रतिशत युवा युवतीहरु पैसा कमाउने तर्फ मात्र ध्यान दिने गर्दछन् । जस्ले गर्दा दसौं बर्ष अमेरीका बस्दा पनी यीनीहरुको आर्थीक अबस्था बाहेक बौद्धीक र सामाजीक अबस्थामा खासै परीबर्तन भएको देखीदैन । पढाईमा बिभिदता र सुलभता भएकोले यस्ता उमेर भएका युवा युवतीहरु पैसा कमाउने तर्फ मात्र ध्यान नदिई अध्ययनमा समेत समय दिएमा उनीहरुको भविश्य अझ राम्रो हुन सक्दछ ।

काम कसरी खोज्ने ?

अमेरीकाको प्राय सबै कंपनीहरुले आबेदन फारम तयार पारेर राखेका हुन्छन । कंपनीमा जाँदै यस्ता फारम भर्दैमा काम पाउन सकिदैन । त्यस्ता फारम हजारौले भर्ने गर्दछन् । सामान्य प्रकृतीका काम प्राप्त गर्ने सबैभन्दा भरपर्दो तरीका हो प्रत्यक्ष भेट । कंपनीमा गई फारम भरेर हायरीगं म्यानेजरलाई ब्यक्तीगतरुपमा भेटी औपचारीक अन्तरवार्ताको समय लिएर आएमा काम पाउने संभावना बडी हुन्छ ।
पढेलेखेकाहरुको लागी इन्टरनेट वा ब्यबसायीक दलाल पनी उपयुक्त माध्यम हो । यस देशमा कर्मचारीहरु एउटै ठाउंमा धेरै समय काम नगर्ने भएकोले आफुलाई मनपरेको ठाउंमा समय समयमा गएर ताकिता गर्नु पर्दछ । बिशेष प्रकितीका काम बाहेक अन्य सबैकाममा अमेरीका होस् वा क्यानडा बिना भनसुन र चिनजान कुनैपनी प्रकारको जागीर पाउन मुस्कील पर्दछ । त्यसैले आफुले काम गर्न खोजेको ठाउंमा चिनेको

मान्छे छ छैन पत्तालगाउनु पर्दछ र उस्को मद्यत लिनु पर्दछ ।

अन्य ध्यान दिनु पर्ने कुरा

जसरी भौगोलीकरुपमा अमेरीका नेपालबाट बिपरीत दिशामा पर्दछ त्यसैगरी सामाजीक र आर्थीकरुपमापनी यो देश नेपालभन्दा उल्टो छ । नेपालमा दशैं जस्ता ठुला पर्बताका बजारभाउ अक्कासीन्छ अमेरीकामा क्रिस्मस जस्ता ठुला पर्बमा बजारभाउ घट्छ । नेपालमा सधैं एउटै समय हुन्छ अमेरीकामा बर्षको दुईपटक समय परीवर्तन गर्नु पर्दछ । प्राय नेपालीहरु अमेरीकाआउनु अघी महिनौ लगाएर गाडी चलाउन सिकेर आउने गर्दछन् जबकी अमेरीकी गाडी गेयर नहुने अटोमेटीक हुनाले तीन चार दिनमै सिक्न सकिन्छ । युवाहरुले सबैभन्दा होस पुर्याउनु पर्नेकुरा हो सेक्सुअल हेरेस्मेन्ट । यस्मा फस्नेहरु मध्ये धेरै विदेशी हुने गर्दछन् । आफुलाई कुनै केटी संग बाहिर घुम्न जान वा मित्रता गास्न मन लागेमा सबै भन्दा पहिला केटीको उमेर थाहा पाउनु पर्दछ । आफुलाई मन परेको केटी लाई परीचय दिनु अघी उनको उमेर सोध्ने र यदी उनी १८ वर्ष भन्दा वडी भएमा मात्र आफ्नो प्रताव राख्ने गर्नु पर्दछ । १८ वर्ष भन्दा कम उमेर भएको केटी संग सार्बजनीक ठांउमा बाहिर घुम्न गएमा, छुने वा झीस्क्याउने गरेमा पन्ध्र बीस वर्ष सम्म जेल सजांय हुन सक्दछ । त्यस्तै, यस्ता नावालक संग सारीरीक सम्बन्ध राखेमा जबरजस्ती करणी अन्तरर्गत मृत्यु दण्ड समेत हुने गर्दछ । धेरै अमेरीकी सहरहरुमा जांड रक्सी बिकी गर्न निसेध छ जस्लाई ड्राई एरीया भनीन्छ । साना छोरा छोरी संग अमेरीका आउनेले यस्ता ड्राई एरीयामा बसेमा आफ्ना छोरा छेरी लाई कुलतबाट टाडा राख्न सकीन्छ ।

त्यसैगरी बैंक ऋण र केडीटकार्ड बिना अमेरीकन जीबनशैली सम्भब हुदैन । घरको नुन चामल देखी गाडी, घर सबै केडीटकार्ड बाटै किनीने भएकोले केडीट हिस्ट्री ( बैंकको ऋण प्रतीको बिस्वसनीयता) कायम राख्नु अत्यन्त महत्वपुर्ण हुन्छ । यंहाको समाजमा तंपाई संग जती धेरै ऋण छ तंपाईलाई त्यतीनै बिस्वसीनीय मान्दछन् । यस्ता ऋणी हरुले घरायसी सामान, गाडी, घरजग्गा देखी लीएर बिमाको प्रिमीयम समेत सस्तोमा खरीद गर्न सक्दछन् । सामान्य उपभोगकोलागी बैंकबाट लिईएको ऋण नतीर्दा बैकंले त्यस्ता ग्राहको नाम कालो सुचीमा राख्ने बाहेक ऋण अशुल गर्न अन्य कुनै कारर्वाही नगर्ने हुनाले यहांका ३५ प्रतीशत ऋणीले ऋण तीर्ने

गर्दैनन् । आर्कोतफ, बैकले पनी बिना मन्जुरी टेलीफोन र ईमेल गरेको भरमा घरमै चेक पठाई ऋण दिने, ऋण लिएको, स्वीकार गरेको वा ऋण उपभोग गरेको प्रमाण उपलब्ध नहुने भएकोले आफनो नाममा अरुले ऋण लिएर ठगी गर्ने परम्परा बड्दैछ । यस्लाई आईडेन्टीटी थेप्ट भनीन्छ । यस्तो मा फसेमा आफ्नो जीम्मेवारी नहुने भएता पनी धेरै झन्झट भोग्नु पर्दछ । यस्ता आईडेन्टीटी थेप्ट मा प्राय नंया आगन्तुकहरु बडी फस्ने गर्दछन् ।

आफ्नो मातृभुमी प्रती दाईत्व

आफु जन्मेको देश छोडेर विदेशीनु भनेको हाम्रो चाहना मात्र हैन यो हामी नेपालीको वाध्यता हो । हामी आफ्नो देश छोडेर जतीसुकै बिकशीत राष्ट्रमा गएर जतीसुकै नाम, ईज्जत र पैसा कमाएपनी आफ्नो देशको माया लाग्नु स्वभाबीक हो । तर सबै यस्तो विचार गर्दैनन् । कोही कोही अमेरीका आउने बित्तीकै संसारै जीतेको जस्तो गर्ने र आफ्नो देश र समाज बिर्सने प्रयास गर्दछन् । आफ्नो पुर्खाले दिएको नाम र थर परिबर्तन गर्नेको संख्या बृदी हुदैछ । आफ्नै देशको दाजुभाई दिदीबहीनीलाई बाटोमा भेट्दा देखेनदेखेंझै गर्नेको संख्या पनी कम छैन । अमेरीकामै रहेपनी आफ्नो मात्रीभुमीलाई आवश्यक्ता परेका समयमा तन, मन र धनले सहयोग गर्न पछाडी पर्नु हुदैन । यहां रहेका बिभीन्न संघ संस्था मार्फत बेलाबखत नेपाललाई सहयोग पुरयाउनु पर्दछ । आखीर अरुको अगाडी सामान्य चोट लाग्दा आउच वा ओह भनेपनी गहिरो चोट लाग्दा भन्नेत आमा वा ऐया नै हो ।